यदि तपाईं **अन्धो** हुनुहुन्छ **वा** तपाईंमा **दृष्टि अक्षमता** छ अनि सम्भावनाहरूलाई हेर्न चाहनुहुन्छ भने, आउनहोस् शुरू गरौं!

**आफ्नो भविष्य बदलिनको लागि योग्य र समर्थ हुनुको** अर्थ हो, आफ्ना कौशल अनि सामर्थ्यहरू बारे अवगत हुनु, आफ्ना विकल्पहरू बारे जान्नु, अनि एक व्यवहारिक लक्ष्य हासिल गर्ने दिशामा काम गर्ने इच्छा हुनु। आफ्नो पूर्ण क्षमतामा कार्य गर्नको लागि तपाईंसित आफूलाई चाहिने कल-पुर्जा र त्यसलाई प्रयोग गर्ने ज्ञान हुनुपर्छ अनि आवश्यक पाइलोहरू सार्नको लागि तम-तयार रहनुपर्छ।

## जब सबै कुरो आत्म-निर्भरताको बारेमा भइरहेछः

स्वयंको ध्यान राख्न सिक्नुहोस् अनि घर, स्कूल, कार्यस्थल वा खेलकूद, यी सबै क्षेत्रहरूमा प्रभावकारी रूपमा सक्रिय हुनुहोस्।

## यसले कसरी काम गर्छ?

प्रत्येक व्यक्तिका परिस्थितिहरू अर्कोको भन्दा भिन्नै हुन्छन्। हरेकले लक्ष्यहरूको पहिचान गर्नको लागि परामर्शदातासित भेट गर्छन् तथा दुवै मिलेर उपयुक्त योजनाको विकास गर्छन् र त्यसलाई कार्यान्वित गर्छन्।

## सेवाहरू आवश्यकता अनुरूप हुन्छन्ः

शिक्षा हासिल गर्नु, रोजगार निम्ति प्रशिक्षण प्राप्त गर्नु, रोजगार हासिल गर्नु वा यसलाई कायम राख्नु अथवा घरमा आत्म-निर्भर भइ बस्नु, यी सबैको लागि तपाईंका प्रयासहरूलाई उपलब्ध सेवाहरूले ठूलो टेवा दिन्छन् अनि यसरी दृष्टि अक्षमताको परिणामस्वरूप उत्पन्न कठिनाइहरूलाई कम्ती पार्नमा सफलता हासिल गर्नमा तपाईंलाई मद्दत गर्छन्।

## हामी उपलब्ध गराउँछौंः

परामर्श अनि मार्गदर्शन
कौशल, रुचि अनि योग्यताको मूल्याङ्कन
विद्यार्थीहरूको लागि अवस्था-परिवर्तनसम्बन्धी सेवाहरू
प्रविधि
अल्प दृष्टि सेवाहरू
ओरिअन्टेशन अर्थात् अभिस्थापन अनि मोबिलिटि अर्थात् सचलता सेवाहरू
पुनर्वास प्रशिक्षण

## जब यी सबैको केन्द्रविन्दु हो रोजगार, रोजगार, रोजगारः

DBVI–ले रोजगार हासिल गर्न र त्यसलाई कायम राख्नमा तपाईंको मद्दत गर्नको लागि व्यावसायिक परामर्श, सेवाहरूको संयोजन अनि कार्यक्रमहरूसम्म तपाईंको पहुँच निम्ति सहायता उपलब्ध गराउँछ।

## DBVI–ले उपलब्ध गराउँछः

आजीविकाको खोजी
व्यावसायिक प्रशिक्षण
माध्यमिक पश्चात्‌को शिक्षा
अपनाउन सकिने कल–पुर्जा अनि प्रविधि
काम खोज्ने कौशलहरू
नियोक्ता सहायता
सानो व्यापारको विकास
जागिरमा लगाउने सेवाहरू

## अधिक जानकारीको लागि सम्पर्क गर्नुहोस्ः

## 1-888-405-5005

ई–मेलः dbvi-info@state.vt.us

वेबः www.dbvi.vermont.gov

## तपाईंका लक्ष्यहरू हासिल गर्नको लागि साथ मिलेर कार्य गर्नु...

DBVI–अन्धो अनि दृष्टि अक्षमता भएकाहरूको लागि विभाग
(Division for the Blind and Visually Impaired)

स्टेट अफ भर्मण्ट (State of Vermont)